# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

गोदावरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अत्तरिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

## नदीजन्य पदार्थको विक्रि शुल्क संकलनका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७७/०६/०६)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क र यस गोदावरी नगरपालिकाको आर्थिक ऐन २०७७ को दफा १२ (१) को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदी/खोलाहरुको स्विकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी यस नगरपालिकाले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७५/७६ या २०७६/७७ को करचुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरीएको छ ।

**तपशिल :**

| क.सं. | आन्तिरीक आय ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) रु. | धरौटी रकम (रु.) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १ | ३-२०७७/७८ | खुटिया नदीबाट नदीजन्य पदार्थ विक्री शुल्क संकलन | ५६,०००,०००।- (पाँच करोड साठी लाख) | कबोल अंकको ५% | ५,०००।- |
| २ | ४-२०७७/७८ | खैराना नदीबाट नदीजन्य पदार्थ विक्री शुल्क संकलन | ८,५००,०००।- (पचासी लाख) | " " | ३,०००।- |
| ३ | ५-२०७७/७८ | गोदावरी नदीबाट नदीजन्य पदार्थ विक्री शुल्क संकलन | ५,५००,०००।- (पचपन्न लाख) | " " | ३,०००।- |

**शर्तहरु :**

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०७५/७६ या २०७६/७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा एन.आई.सी.यसिया बैंक, अत्तरीया शाखा कार्यालयमा रहेको यस कार्यालयको आन्तरीक राजश्व खाता नं. ०७१२०५१४९८६२२०११ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजश्व काउन्टरमा वा यस कार्यालयको माथि उल्लेखित बैंकमा रहेको आन्तरीक राजश्व खाता नं. ०७१२०५१४९८६२२०११ मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा हुन गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफ्ले कबोल गरेको अंकको ५% (पाँच प्रतिशत्) को दरले हुन आउने धरौटी रकम

प्रमुख प्रशासकिय अधिकृत

यस कार्यालयको एन.आई.सी.यसिया बैंक, अत्तरीया शाखा कार्यालयमा रहेका धरौटी खाता नं. ७१४१४९८६२२५२४००१ जम्मा थरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजतप्राप्त क वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० (एक सय विश) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराईटरको नाम, ठेगाना, फोन नं./मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२औं दिन दिनको १२:००. बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले १० औं दिनको दिउँसो २:०० बजे गोदावरी नगरपालिका कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र स्विकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ३० (तिस) प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो तथा तेश्रो किस्तावापत ७० (सत्तरी) प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०७८ साल आषाढ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ (तेह्र) प्रतिशत रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्र दाताले छुट्टै बुझाउनुपर्नेछ ।

८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा यस कार्यालयबाट गरिएको वातावरणिय अध्ययन प्रतिवेदन, स्थानीय सरकार सञ्चालन ऐन २०७४, सम्बन्धीत स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ ।

(**नोट :** विस्तृत जानकारीको लागि यस कार्यालयको वेभसाईट www.godawarimunkailali.gov.np मा समेत हेर्न सकिनेछ ।)

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत